# न्यूयोर्क राज्यमा माछा मार्नु भन्दा पहिले जान्नु पर्ने कुराहरु

**न्यू योर्क राज्य (NYS)मा माछा मार्नको लागि तपाईंलाई एक मान्य NYS फिशिंग लाइसेन्स आवश्यक पर्दछ र तपाईंले माछा मार्ने नियमहरू थाहा पाउनु पर्छ र पालना गर्नुपर्दछ।**

**मैले NYS को माछा मार्ने नियमहरु कहाँ पाउन सक्छु?** www.dec.ny.gov/outdoor/fishing.html

## यदि निम्न कुरा मिल्छ भने तपाईलाई NYS फिशिंग लाइसेन्स आवश्यक पर्दछ:


ID # 9999
John Somebody
583 Smith Lane, Somewhereville NY, 18777
08/10/1968 M BLU 5 ' 10 "

| | | |
|---|---|---|
| Marine Registry | 07/05/17 - 07/04/18 | $0.00 |
| Freshwater Fishing | 07/05/17 - 07/04/18 | $25.00 |

DEC-LS-170463
NY Sporting License

- १६ वर्ष वा सो भन्दा माथि र माछा मार्ने कार्यमा हुनु हुन्छ (मुख्य रूपमा परम्परागत गियरको साथ [पोल, रेखा, वा माछा मार्ने हुक])।
- कुनै पनि उमेरको व्यक्तिलाई माछा मार्न सिकाउदै हुनुहुछ।
- भाला, हात, क्लब, वा हुकद्वारा भ्यागुता मार्नु हुन्छ।

**नोट:** माछा मार्न प्रतिबन्ध विधिहरू (जस्तै भाला घोपेर फिशिंग) को कानूनी नियमहरुको लागि सामान्य नियमहरू पढ्नु होस्।

**अरु जानकारीको लागि यो वेभ-पेजमा जानुहोस्:** www.dec.ny.gov/permits/6091.html

## न्यू योर्क राज्य (NYS) निवासीको लागि वार्षिक माछा मार्ने लाइसेन्सको मूल्य

- १६ देखि ६९ वर्षको लागि = $२५
- ७० वर्ष भन्दा माथिको लागि = $५

## माछा मार्ने लाइसेन्स कहाँ पाउन सकिन्छ?

| | | |
|---|---|---|
| **BASS PRO**<br>710 Horatio St<br>Utica, NY13502 | **ओनाइडा काउन्टीको क्लर्क अफिस**<br>800 Park Ave<br>Utica, NY 13501 | रिभर साइड मलको **Walmart** (वालमार्ट)<br>710 Horatio St<br>Utica, NY 13502 |
| **फ़्लोइड क्लर्कको अफिस**<br>8299 Old Floyd Rd<br>Rome, NY 13440 | **WALMART** (वालमार्ट)<br>5815 Rome-Taberg Rd<br>Rome, NY 13440 | **ओनाइडा काउन्टी र न्यू योर्क राज्य (NYS)को अन्य स्थानहरू:**<br>www.dec.ny.gov/permits/95448.html |

**अनलाइन:** https://decals.dec.ny.gov/DECALSCitizenWeb; **फोन:** 1-866-933-2257 सोम-शुक्र बिहान ८:३० देखि दिउसो ४:३० सम्म

## नियमहरुको प्रकार के हो?

- न्यूयोर्कको नियममा निम्न कुरा पर्छ: माछा मर्ने व्यक्तिले कानूनी रूपमा कहिले (सीजन खोलेको बेला, सिजन बन्द भएको बेला), कहाँ (खोलाको नाम), कसरी (विधि), कुन माछा (प्रजाति, लम्बाई), र कति वोटा माछा (दैनिक लिमिट) मार्न सक्दछ।
- **माछा मार्ने नियममा समावेश कुराहरु:** विशेष नियमहरू (पानी र प्रजातिहरूको लागि निर्दिष्ट); राज्यव्यापी नियमहरू (विशेष नियमहरू नभएको ठाउँमा लागू हुने); सामान्य नियम र अन्य कुराहरु।
- **प्रजाति:** माछाको प्रकार
- **सीजन खोलेको बेला:** माछा मार्न अनुमति भएको मितिहरू
- **सीजन बन्द भएको बेला:** माछा मार्न अनुमति नभएको मितिहरू
- **न्यूनतम लम्बाई:** कानूनी रूपमा माछा लिनको लागि सबै भन्दा छोटो लम्बाई
- **दैनिक लिमिट:** माछा मार्ने व्यक्तिले प्रत्येक दिन कानूनी रूपमा मारेको माछा लिन पाउने संख्या
- **विधि:** कसरी कानूनी रूपमा माछा मार्न पाउने

**खोलाको नियमहरु बारे थप कुराहरु जान्न यो वेभ-पेजमा जान्नुहोस्:** www.dec.ny.gov/outdoor/7917.html